# माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले संघीय संसद समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता

नेपाल सरकार

अर्थ मन्त्रालय

२०७५ वैशाख २६

**www.mof.gov.np**

**सम्माननीय सभामुख/अध्यक्ष महोदय,**

१. नेपालको संविधान कार्यान्वयनका क्रममा स्थानीय तह, प्रदेश तथा प्रतिनिधि सभा एवं राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भई प्रतिनिधि सभाका अधिकांश सदस्यहरुको समर्थनमा गठित वर्तमान सरकारको अर्थमन्त्रीको हैसियतले यस गरिमामय सदन समक्ष विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली संस्थागत भएसँगै नेपाल स्थिरता, विकास र समृद्धिको नयाँ युगमा प्रवेश गरेको छ। अब राजनैतिक उपलब्धिको जगमा उभिएर सबै प्रकारका पछौटेपन तथा आर्थिक-सामाजिक विभेदको अन्त्य र चरम गरिबीलाई शून्यमा पुऱ्याउँदै आधुनिक नेपाल निर्माणको यात्रा तय गर्नु पर्नेछ। यसै उद्देश्यले वर्तमान सरकार **समृद्ध नेपाल, सुखी नेपाली** बनाउने कार्यदिशामा अघि बढिरहेको छ।

३. कमजोर वित्तीय धरातलमा टेकेर हामीले तय गर्नुपर्ने द्रुत विकास तथा समृद्धिको यात्रा निश्चय नै चुनौतिपूर्ण छ। त्यसमाथि विगत लामो समयसम्म रहेको राजनीतिक अस्थिरताले समग्र विकासको गति सुस्त रहनुको साथै आर्थिक विकास पनि सन्तुलित हुन सकेको छैन। अर्थतन्त्रको सबै क्षेत्रमा पूँजी परिचालन र लगानीको उत्पादकत्व अपेक्षित रुपमा बढ्न सकेको छैन। मुलुकको

कुल गार्हस्थ्य उत्पादन र उपभोगको ठूलो अंश आयातमा निर्भर रहेकाले व्यापार घाटा चुलिँदै गएको छ। चरम गरिबी, बेरोजगारी र सामाजिक पछौटेपन एवम् असमानता घटाउने उद्देश्य अपेक्षित रुपमा पुरा हुन सकेको छैन।

४. पछिल्ला वर्षहरूमा आर्थिक वृद्धिमा सुधार हुँदै गएपनि आन्तरिक र बाह्य आर्थिक स्थायित्वमा पनि चाप पर्दै गएको छ। यस सन्दर्भमा मुलुकको समग्र आर्थिक अवस्थाको बारेमा मैले २०७४ चैत्र १६ गते यस सम्मानित सदनलाई अवगत गराएर श्वेतपत्र जारी गरिसकेको व्यहोरा स्मरण गर्न चाहन्छु। आगामी आर्थिक वर्षको बजेटले यी समस्याहरू समाधान गर्ने तर्फ महत्वपूर्ण कदम चाल्नु पर्नेछ।

५. हामीले हासिल गरेको युगान्तकारी राजनीतिक एवम् सामाजिक रुपान्तरणको प्रतिफल मुलुकको आर्थिक विकास र जनताको जीवनस्तरमा प्रतिविम्बित हुनुपर्दछ भन्ने म ठान्दछु। राजनीतिक संक्रमणकालको अन्त्य सँगै प्राप्त स्थिरताबाट आम नागरिक, व्यवसायी, लगानीकर्ता र विकास साझेदारहरू समेत नेपालको द्रुत विकासका लागि उत्साहित भएका छन्। यसबाट सरकारलाई समृद्ध नेपाल निर्माणको यात्रा तय गर्न थप उत्साह मिलेको छ।

**सम्माननीय सभामुख/अध्यक्ष महोदय,**

६. विनियोजन विधेयक, २०७५ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा नेपालको संविधानमा उल्लेखित नागरिकका

मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई मार्गदर्शनको रुपमा लिएको छु। निर्वाचनमार्फत जनअनुमोदित वामपक्षीय चुनावी घोषणापत्र र वर्तमान सरकार गठन भएसँगै अघि सारिएका नीतिगत एवम् संस्थागत सुधारका निर्णयहरूलाई विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकताको आधारको रुपमा लिएको छु। साथै, चौधौं योजना मार्फत नेपालले प्रतिवद्धता जनाएको अल्पविकसित मुलुकबाट स्तरोन्नती हुने लक्ष्य र दीगो विकासका लक्ष्यलाई समेत प्राथमिकतामा राखेको छु।

७. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख आर्थिक प्रणालीको निर्माण गरी परनिर्भरताको अन्त्य गर्ने र नेपाली जनताले चाहेको उन्नत तथा न्यायपूर्ण समाज निर्माण गर्ने कार्यदिशामा आगामी आर्थिक वर्ष २०७५/७६ को बजेटले विश्वसनीय आधारशीला तय गर्नेछ। विद्यमान चुनौतिको सामना र अवसरहरूको उपयोग गरी दीर्घकालीन विकासका अपेक्षित लक्ष्य हासिल गर्न आगामी बजेट असल शुरुवात हुनेछ।

**सम्माननीय सभामुख/अध्यक्ष महोदय,**

अब म विनियोजन विधेयक, २०७५ का सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. नेपाली नागरिकका संविधान प्रदत्त मौलिक हकहरूको कार्यान्वयन छोटो समयमा नै गर्न आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनेछ। सबल र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न बजेट निर्माणमा संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्तहरूको परिपालना गरिनेछ। द्रुत आर्थिक वृद्धि गर्न उच्च मात्रामा लगानी परिचालन, उत्पादनको संरचनामा परिवर्तन तथा साधन विनियोजनमा कुशलता ल्याइनेछ। लोककल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय कायम गर्न राज्यले नेतृत्वदायी भूमिका निभाउनेछ।

९. मुलुकमा विद्यमान चरम गरिवी र भोकमरीको अन्त्य गर्ने दिशामा बजेट केन्द्रीत रहनेछ। विपन्न तथा पिछडिएका सबै व्यक्ति तथा समुदायहरूको आर्थिक अवस्था कम्तिमा औसत नेपालीको स्तरमा पुऱ्याइनेछ। सबै नेपालीलाई उद्यमशील भई आफ्नो ज्ञान, सीप र क्षमताको उपयोग गरी आर्थिक क्रियाकलापमा सहभागी हुने अवसर सिर्जना गरिनेछ। यसका लागि उपलब्ध सबै साधन, स्रोत र अवसरहरुको उच्चतम उपयोग गरिनेछ।

१०. सबै नेपालीलाई क्रमशः सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ। सीमान्तीकृत वर्ग र समुदायको लागि विशेष आर्थिक सुरक्षाको व्यवस्था गरिनेछ। विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समायोजन र एकिकरण गर्दै यसको दायरालाई फराकिलो बनाइनेछ।

११. सार्वजनिक, सहकारी र निजी क्षेत्रबीचको सहकार्य र समन्वयबाट दीगो र समन्यायिक उच्च आर्थिक बृद्धि हासिल गर्न उच्च पूँजी निर्माण गर्दै लगानी संरचनालाई उत्पादनमुखी बनाइनेछ। आन्तरिक बचतलाई प्रोत्साहित गर्दै लगानीको लागि अनुकूल वातावरण सिर्जना गरी राष्ट्रिय पूँजीको सम्बर्द्धन गरिनेछ। निजी क्षेत्रलाई सामाजिक जिम्मेवारी सहितको आर्थिक बृद्धिको साझेदारको रुपमा विकास गरिनेछ। वैदेशिक लगानीलाई राष्ट्रिय पूँजी निर्माणको परिपोषक हुने गरी उपयोग गरिनेछ। सहकारी, सामुदायिक र गैरसरकारी क्षेत्रलाई स्थानीय स्रोत, साधन र सीपको पूर्णरुपमा सदुपयोग गर्दै आर्थिक-सामाजिक रुपान्तरणको संवाहकको रुपमा प्रवर्द्धन गरिनेछ। सहकारी अभियानलाई सहकारिताको मूल्य मान्यता अनुरूप अघि बढाउन आवश्यक सहयोग गरिनेछ।

१२. संघीयताको कार्यान्वयनको लागि तीनै तहका सरकारहरू बीच उच्चतम एकता, समन्वय र सहयोगमा जोड दिइनेछ। नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था, मापदण्ड र सुत्रहरुको आधारमा प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान उपलब्ध गराइनेछ। प्रदेश र स्थानीय तहको अधिकार सूची

अन्तर्गत हाल संघबाट सञ्चालित कार्यक्रम/आयोजनाहरू आवश्यक स्रोत सहित तत् तत् प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिनेछ। संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहहरूसँग पूर्वाधार विकास र सेवा प्रवाहमा लागत सहभागिताको आधारमा सहकार्य र समन्वय गर्नेछ।

१३. सरकारी खर्च प्रणालीमा विनियोजन दक्षता कायम गर्दै उपलब्ध साधनको न्यायोचित बाँडफाँट गरिनेछ। आयोजनाहरूको प्रतिफल र प्रभावकारिताको आधारमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ। सही अर्थमा वित्तीय संघीयता लागू गरिने र प्रदेश तथा स्थानीय तहबाट सम्पादन हुने कार्यक्रमहरू सोही तहबाट हुने हुँदा आगामी आर्थिक वर्षबाट कुनै पनि प्रक्रिया मार्फत स-साना आयोजनाहरुमा बजेट विनियोजन गरिने छैन। सरकारी वित्त व्यवस्थापनलाई पारदर्शी बनाउँदै खर्चको गुणस्तर र नतिजा प्रति सम्बन्धित निकाय/पदाधिकारीलाई जिम्मेवार र उत्तरदायी बनाउने प्रणाली स्थापित गरिनेछ।

१४. आन्तरिक स्रोतको परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। नागरिकले तिरेको करको सदुपयोग हुने सुनिश्चितता कायम गरिनेछ।

१५. वैदेशिक सहायता माथिको निर्भरता क्रमशः घटाउँदै लैजान आर्थिक क्षमता विकास हुने गरी राष्ट्रिय प्राथमिकताका क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग परिचालन गरिनेछ। वैदेशिक सहायतालाई मूलतः ठूला भौतिक तथा सामाजिक पूर्वाधार, निर्यात प्रवर्द्धन, क्षमता विकास र प्रविधि हस्तान्तरणमा उपयोग गरिनेछ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सरकारका राष्ट्रिय प्राथमिकताका कार्यक्रममा सहयोगीको भूमिकामा परिचालन गरिनेछ।

१६. मुलुकमा सुशासन प्रवर्द्धन गर्न राज्यका सबै संयन्त्रहरूको क्षमता विकास गर्दै सेवा तथा कार्य सम्पादनलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाइनेछ। राज्यले प्रदान गर्ने सेवा र सुविधाहरूको गुणस्तर सुनिश्चित गरिनेछ। विकास आयोजना कार्यान्वयन गर्ने निकायहरुको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।

१७. उच्च आर्थिक बृद्धि र आयको न्यायोचित वितरण सहित समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी आर्थिक, वित्तीय तथा बाह्य क्षेत्र सम्बन्धि नीतिहरु तर्जुमा गरिनेछन्। मुद्रास्फीति दरलाई वाञ्छित सीमाभित्र राखिनेछ। बजेट प्रणालीलाई सुदृढ तुल्याउँदै वित्तीय अनुशासन पालन गरिनेछ। व्यापार घाटा कम गर्न र चालु खाता सन्तुलनमा ल्याउन वस्तु र सेवाको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा जोड दिइनेछ। विप्रेषण

आय बैंकिङ्ग प्रणाली मार्फत भित्रिने र उत्पादन तथा पूँजी निर्माणमा उपयोग हुने व्यवस्था गरिनेछ।

**सम्माननीय सभामुख/अध्यक्ष महोदय,**

अव म विनियोजन विधेयक, २०७५ का प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८. नागरिकका मौलिक हकको कार्यान्वयनलाई अघि बढाउँदै दीगो विकासका लक्ष्यहरु हासिल हुने गरी चरम गरिबी र भोकमरीको अन्त्य गर्नेतर्फ बजेट उन्मुख रहनेछ। खाद्य सुरक्षा, सुरक्षित तथा व्यवस्थित आवास, स्वच्छ वातावरण र स्वच्छ खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवाहरूमा आमजनताको पहुँच अभिबृद्धि गर्न बजेट ब्यवस्था गरिनेछ।

१९. आधारभूत र आकस्मिक स्वास्थ्य सेवाहरुमा सबै नेपालीको पहुँच सुनिश्चित गर्ने र सबै नागरिकलाई क्रमशः स्वास्थ्य बीमाको दायरामा ल्याउने कार्य बजेटका प्राथमिकतामा रहनेछन्। निरक्षरता उन्मुलन गर्दै सबै नेपालीलाई गुणस्तरीय र जीवन उपयोगी शिक्षाको अवसर उपलब्ध गराउने तथा सार्वजनिक र निजी विद्यालयहरूको बीचमा रहेका शैक्षिक गुणस्तरको भिन्नताको अन्त्य गर्ने गरी बजेट विनियोजन हुनेछ।

२०. असल तथा उत्पादनमुखी श्रम सम्बन्धको विकास गर्दै राज्यले सबै नेपाली नागरिकको लागि रोजगारीको अवसर

सुनिश्चित गर्ने तर्फ बजेट केन्द्रित हुनेछ। सार्वजनिक निर्माण, साना तथा मझौला उद्योग, पर्यटन, व्यवसायिक कृषि, वन र आधारभूत सेवाका क्षेत्रहरूमा काम र रोजगारी सिर्जना गर्न बजेट ब्यवस्था गरिनेछ।

२१. श्रमिकको दक्षता बढाई उत्पादकत्व बृद्धि गर्न सीपमूलक तालिमको विस्तार गर्न, स्वरोजगारका लागि उद्यमशिलताको विकास र वित्तीय पहुँच सुनिश्चित गर्न तथा रोजगारीका क्षेत्रमा मर्यादित श्रम र श्रम अनुसारको पारिश्रमिक सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ। वैदेशिक रोजगारीलाई ब्यवस्थित गरिनेछ ।

२२. पर्यटन क्षेत्रको विकासबाट आन्तरिक उत्पादन र रोजगारी अभिवृद्धि हुने गरी पूर्वाधार निर्माणका कार्यक्रमहरू संचालन गरिनेछ। पर्यटकीय गन्तव्य क्षेत्रको विकास, बजार प्रवर्द्धन र आवश्यक जनशक्तिको विकास गरिनेछ। संस्कृति सम्वर्द्धन र खेलकुद विकासमा जोड दिइनेछ।

२३. रणनैतिक सडक, द्रुतमार्ग, रेलमार्ग, निर्माणाधीन विमानस्थलहरू र सहरी पूर्वाधारहरूको निर्माणलाई प्राथमिकता दिइनेछ। ठूला पूर्वाधार र राष्ट्रिय महत्वका आयोजनाहरू सम्पन्न हुन लाग्ने समय, निर्माणको गुणस्तर र लागतको व्यवस्थापनको लागि छुट्टै कानूनको व्यवस्था गरिनेछ। निर्माण व्यवसायलाई प्रतिस्पर्धी, पारदर्शी,

जवाफदेही र क्षमतायुक्त बनाइनेछ । यातायात क्षेत्रलाई पूर्ण प्रतिस्पर्धी तुल्याइनेछ ।

२४. केही वर्षभित्रै सबै नेपालीलाई आधुनिक, नविकरणीय र पहुँचयोग्य ऊर्जा सुविधा प्राप्त हुनसक्ने गरी सञ्चालनमा रहेका र नयाँ जलविद्युत तथा सौर्य, वायु लगायतका नवीकरणीय ऊर्जाको विकासलाई प्राथमिकता दिइनेछ। निर्माणाधीन ऊर्जा आयोजनाहरूको समयसीमा भित्रै निर्माण सम्पन्न गरिनेछ। उत्पादित विद्युत पूर्ण उपयोगका लागि प्रशारण लाइन विस्तार गरिनेछ। विद्युत वितरण प्रणालीलाई सुदृढ गरिनेछ।

२५. प्रदेश तथा स्थानीय तह सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ। प्रदेश र स्थानीय तहलाई स्रोत साधन र जनशक्ति उपलब्ध गराइनेछ। प्रदेश र स्थानीय तहको आयोजना कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्न सहकार्य गरिनेछ।

२६. जलस्रोतको वहुआयामिक उपयोग गर्दै सिंचाइ तथा नदी नियन्त्रण र जलमार्ग विकासका कार्यक्रमहरू विस्तार गरिनेछ। सिंचाइ र कृषि विस्तार कार्यक्रमलाई समन्वयात्मक रुपमा कार्यान्वयन गरिनेछ। सम्भाव्यताका आधारमा नदी पथान्तरण आयोजनाहरू कार्यान्वयन गरिनेछ।

२७. वन संरक्षण, बैज्ञानिक वन ब्यवस्थापन, वातावरणीय तथा जैविक संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२८. भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकता दिइनेछ। निजी आवास निर्माण, ऐतिहासिक सम्पदा, प्राचीन स्मारक तथा धरोहरहरूको पुनर्निर्माणलाई तीव्रता दिइनेछ। अन्य प्रकोप पिडितहरुलाई राहत तथा पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२९. सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै यसलाई क्रमशः योगदानमूलक बनाइनेछ। सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई अनौपचारिक क्षेत्रमा समेत विस्तार गरिनेछ।

३०. सार्वजनिक तथा सेवा प्रदायक निकायहरुको ढिलासुस्ती तथा आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकायहरूलाई सक्षम र प्रभावकारी बनाइनेछ। जनतामा सुशासनको अनुभूति हुनेगरी सार्वजनिक क्षेत्रहरुको सेवा प्रवाहको गुणस्तरमा सुधार गरिनेछ। व्यापार व्यवसायहरूमा कायम रहेको सबै प्रकारका एकाधिकार र मूल्य मिलिमतो पूर्णरुपमा अन्त्य गरी प्रतिस्पर्धात्मक, पारदर्शी र स्वच्छ व्यापार व्यवसायको प्रवर्द्धन गरिनेछ। उपभोक्ताको हित संरक्षण गर्ने, अत्यावश्यक बस्तुहरूको उत्पादन र वितरणमा कुनै पनि अवरोध आउन नदिने तथा सबै प्रकारका अनियमितता र

भ्रष्टाचारलाई निर्मम र संझौताहीन तवरले कारवाहीको दायरामा ल्याउने गरी कार्यक्रम तय गरिनेछ।

**सम्माननीय सभामुख/अध्यक्ष महोदय,**

३१. समृद्धिको लक्ष्य अमूर्त नारा मात्र होइन, हामीले इमान्दार प्रयत्न गर्‍यौं भने त्यो त्यति टाढा पनि छैन। तीव्र गतिको आर्थिक बृद्धि सहितको सबल अर्थतन्त्र, सामाजिक न्याय सहितको समावेशी विकास, क्षमता अनुसारको कामको अवसर र मर्यादित रोजगारीको सुनिश्चितता, फराकिलो दायराको सामाजिक सुरक्षा, व्यवस्थित र गुणस्तरीय पूर्वाधार, स्तरीय सामाजिक सेवाको सहज उपलव्धता, सामाजिक पूँजीको सम्वर्द्धन, आधुनिक प्रविधिको विस्तार र कानुनको शासनको प्रत्याभूतिबाट मात्र समृद्धिको मार्ग प्रशस्त हुन्छ। आगामी वर्षको बजेट यसै मार्गतर्फ उन्मुख हुने कुरा म माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु।

३२. मैले यस सम्मानित सदन समक्ष पेश गरेको विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता मुलुकले अघि बढाउन चाहेको विकासको ढाँचा, तत्कालीन आवश्यकता र साधनको उपलब्धता बीच तालमेलको खाका हो। माननीय सदस्यहरूले यस सम्बन्धमा घनीभूत छलफल गरी रचनात्मक सुझाव दिनुहुनेछ भन्नेमा म विश्वस्त छु। माननीय सदस्यहरूबाट प्राप्त हुने सुझावहरू र नेपाल सरकारले छिट्टै प्रस्तुत गर्ने नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७५/७६ को बजेट निर्माणमा मार्गदर्शनको रुपमा लिइने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**धन्यवाद।**